# ‘फेरि अर्को लङ्का ध्वस्त हुने छैन’ एकाङ्कीमा विनिर्माणवाद

सुवास न्यौपाने
उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान
इमेल : subashneupane953@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86363

**लेखसार**

*प्रस्तुत लेख नाटककार गोपाल देवानको ‘फेरि अर्को लङ्का ध्वस्त हुने छैन’ एकाङ्की नाटकमा प्रस्तुत विनिर्माणवादको विश्लेषणमा केन्द्रित छ । विनिर्माणवादमा स्थापित कथा र पात्रलाई नयाँ दृष्टिकोणले हेरिन्छ र नयाँ विचारलाई स्थापित गरिन्छ । प्रस्तुत नाटकमा केकस्तो विनिर्माणवादी समालोचना पद्धतिको प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिअनुसार विनिर्माणवादको स्थापित सिद्धान्तका आधारमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी प्रस्तुत लेखलाई पूर्णता दिइएको छ । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा नाटककार गोपाल देवानको सन्तापको धून(२०७६) नाटक सङ्ग्रहभित्र समाविष्ट फेरि ‘अर्को लङ्का ध्वस्त हुने छैन’ एकाङ्की नाटकलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा यस एकाङ्की नाटकमाथि प्रकाश पारी लेखिएका लेखहरू तथा विनिर्माणवादी चिन्तनका बारेमा प्रकाश पारी लेखिएका सामग्रीहरूको उपयोग गरिएको छ । पौराणिक सभ्यताको कथालाई विनिर्माण गरी स्वैरकल्पनाका माध्यमबाट वर्तमान युगका विकृति तथा विसङ्गतिको चित्रण गरिएको प्रस्तुत एकाङ्की नाटकमा नारीवादी चेतनाको समेत अभिव्यक्ति भएको पाइन्छ । अतः यो एकाङ्की नाटकमा कथावस्तु पात्र तथा उद्देश्यमा विनिर्माणवादको संयोजनका माध्यमबाट वर्तमान युगका जटिलतालाई सुन्दर रूपमा प्रस्तुत गरिएको एकाङ्की नाटक हो भन्ने निष्कर्ष यस लेखको विश्लेषणबाट निकालिएको छ ।*

**शब्दकुञ्जी** : कुरूपता, नारीवाद, विधाभञ्जन, विसङ्गति, स्वैरकल्पना ।

## विषयपरिचय

‘फेरि अर्को लङ्का ध्वस्त हुने छैन’ एकाङ्की नाटकमा प्रस्तुत विनिर्माणवादको विश्लेषण गर्नु नै प्रस्तुत लेखको मूल विषय हो । २०४६ सालको राजनीतिक आन्दोलनको पृष्ठभूमिमा लेखिएको समसामयिक राजनीतिलाई नजिकबाट नियालेर राजनीतिमा देखिएको विकृति र विसङ्गतिबाट विरक्त भई साहित्यसाधनामा लागेका स्रष्टा हुन् गोपाल देवान । नेपाली कविता र नाटकका क्षेत्रमा कलम चलाउने देवान कुशल नाट्यकर्मी र अभिनेता पनि हुन् । देवानका नाटकमा २०४५ सालको राजनीतिक परिवर्तन र त्यसले सिर्जना गरेका नकारात्मक तथा सकारात्मक पक्षमाथि विमर्श गरिएको पाइन्छ । खास गरी निरङ्कुशताका विरुद्ध स्वतन्त्रताका लागि ज्यानको बलिदान दिने

सहिदहरूको त्यागको मूल्यमाथि खेलवाड गर्ने राजनीतिज्ञहरूप्रति देवानका नाटकमा तीव्र उपहास गरिएको हुन्छ भने त्यस्तै व्यक्तिका कारण नेपाली जनताहरू उपेक्षा भएको र केही सीमित व्यक्तिहरूले यो देशको राज्यसत्ता कब्जा गरी देशको ढिकुटीमाथि हालिमुहाली गर्दै बलिदानीपूर्ण सहिदहरूको रगतको आहालमाथि खेलवाड गरेकोमा नाटककार देवानले तीव्र आक्रोश पोखेका छन् । देवानको *दमनको राप* नाटक सङ्ग्रहमा 'दमनको राप', 'राइटर कङ्गल', 'अधुरो क्यानभास' र 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' गरी चारओटा नाटक तथा एकाङ्कीहरू सङ्कलन गरिएका छन् । यी नाटक एकाङ्कीहरूमध्ये 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकमा अभिव्यक्त विनिर्माणवादको विश्लेषण गर्नु प्रस्तुत लेखको मूल विषय हो ।

नाटककार गोपाल देवानको 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने आधारहरू रहेका छन् । प्रस्तुत एकाङ्की नाटकमा केकस्तो विनिर्माणवादी चेतनाको अभिव्यक्ति केकसरी गरिएको छ भन्ने मूल समस्यालाई लिएर यो लेख तयार गरिएको हो । सामाजिक विकृति र विसङ्गतिको कलात्मक अभिव्यक्तिका लागि कथावस्तुलाई विनिर्माण गरी स्वैरकाल्पनिक रूपमा प्रस्तुत गरिएको यस एकाङ्की नाटकमा नारीवादी चेतनाको समेत अभिव्यक्ति भएको पाइए पनि विनिर्माणवादलाई नै मूल समस्यामा केन्द्रित भई यो लेख तयार पारिएको छ । समस्याकथनमा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । यस सन्दर्भमा प्रस्तुत अध्ययन 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकमा प्रयुक्त विनिर्माणवादको विश्लेषण गर्ने मूल उद्देश्यमा केन्द्रित रहेको छ ।

नाटककार गोपाल देवानका नाटकहरूका बारेमा खासै चर्चापरिचर्चा भएको पाइँदैन । त्यसैले उनको *दमनको राप* (२०७६) कृति प्रकाशनका सन्दर्भमा भूमिका शुभकामना तथा पत्रपत्रिका र जर्नलहरूमा आएका विचारहरूलाई नै पूर्वकार्यका रूपमा आएका छन् । यस कृतिको भूमिकामा सरुभक्तले नाटककार देवानका नाटकले समाजका विकृति र विसङ्गतिलाई उजागर गरेको कुरा उल्लेख गरेका छन् भने सुभाषचन्द्र न्यौपानेले 'अधुरो क्यानभासमा राजनीतिक व्यङ्ग्य र विसङ्गति' शीर्षकको लेखमा नाटककार गोपाल देवानको 'अधुरो क्यानभास' नाटकमा देखिएको घृणित राजनीतिको र त्यसले सिर्जना गरेका विसङ्गतिको पक्षमा उजागर गरेका छन् । 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकमा भने हालसम्म कुनै पनि समालोचनात्मक लेखहरू प्रकाशित नभएकाले नाटककार देवानको प्रस्तुत नाटकमा केकस्तो विनिर्माणवादी स्वैरकाल्पनिक, नारीवादी, विसङ्गतिपूर्ण राजनीतिक विकृति प्रयोग भएको छ भन्ने कुराको विश्लेषणमा यो लेख सीमित रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। प्रस्तुत अध्ययनमा समस्याकथनमा उठाइएको समस्याको समाधानका लागि पुस्तकालयीय स्रोतबाट सामग्रीहरू जुटाइएको छ । प्राथमिक सामग्रीका रूपमा नाटककार गोपाल देवानको *सन्तापको धून* नाटक सङ्ग्रहमा सङ्कलित 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्कीलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा विनिर्माणवादी समालोचनासँग सम्बन्धित सामग्रीहरूको प्रयोग गरिएको छ । यिनै प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरूका आधारमा 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकको सूक्ष्मपठन विधिमार्फत अध्ययन गरी प्रस्तुत लेख तयार पारिएको छ ।

प्रस्तुत लेखलाई व्यवस्थित एवम् वस्तुगत रूपमा अगाडि बढाउनका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ। गोपाल देवानको 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकको गुणात्मक ढाँचामा केन्द्रित रहेर विश्लेषण गरिएको छ। खास गरी प्रस्तुत अध्ययनमा कृतिगत उद्धरणको व्याख्या तथा विश्लेषण गर्ने विश्लेषणात्मक ढाँचामा आधारित भई निष्कर्षमा पुगिएको छ।

## सैद्धान्तिक आधार

विचारको केन्द्रलाई भत्काएर साहित्यिक कृतिमा अर्थको अनिश्चितता हुन्छ भन्ने मान्यताअनुसार परम्परागत अर्थभन्दा भिन्न अर्थमा साहित्यिक कृतिको अर्थ निर्धारण गर्ने काम विनिर्माणवादले गर्दछ। एउटा कृतिको विनिर्माण हुँदा पहिलो लेखकको मृत्यु हुन्छ र विकथाहरू संयोजन गर्ने पाठक नै लेखकका रूपमा जन्मन्छ। कृतिले पाठमा अनन्त भ्रम सृजना गर्नुपर्छ। जति बढी भ्रम उत्पन्न गर्न सक्यो त्यति नै कृति उकृत्ष्ट हुन्छ भन्ने विनिर्माणवादको मान्यता रहेको छ ( एटम, २०६१, पृ.१२३)। प्रस्तुत एकाङ्की नाटकमा रामायणको कथाको विपठन गरिएकाले विनिर्माणवादी रचना बन्न पुगेको छ। यहाँ रामायणको मूल कथालाई विनिर्माण गरी पाठलाई नवीन रूपमा अर्थ्याइएको छ। नारीवादले नारीमुक्ति र समानताको अटुट पक्षधरता देखाउँछ। समाजमा युगौंदेखि दबिएका, शोषित, प्रताडित भएका, पुरुषको एकाधिकारले किनारा लगाइएका, तत्कालीन सामाजिक कारणले मुक्तिको आवाज उठाउन नसकेका नारीहरूले स्वतन्त्रता र मुक्तिका लागि गरेका सङ्घर्ष र क्रान्तिकारी चेतनाले प्रस्तुत गरेको हुन्छ। विनिर्माणवादमा नारीलाई हेर्ने परम्परागत दृष्टिकोणभन्दा भिन्न नयाँ दृष्टिकोण राखिएको हुन्छ। प्रस्तुत नाटकमा रामायणमा नारीलाई हेर्ने सङ्कचित दृष्टिकोणभन्दा भिन्न रूपमा हेरिएको छ। विनिर्माणवादले डेरिडाको विखण्डनलाई मूल आधार मानेको छ। एकत्वलाई हल्लाएर, टुक्र्याएर व्यक्तिकेन्द्री बनाइएको हुन्छ (भट्टराई, २०६०/६१, पृ.४६)। प्रस्तुत नाटकमा नाटककार देवानले परम्परित पौराणिक कथावस्तुलाई टुक्र्याएर विखण्डित गरेका छन्। रामलाई आदर्श मान्ने, सबैथोक राम नै हुन् भन्ने भावनालाई यस नाटकमा विखण्डित गरिएको छ। मानिसले जीवनमा कुनै विशिष्टता प्राप्त गर्ने इच्छा तथा स्थायित्व प्राप्त गर्ने इच्छा कठिन सङ्घर्षपछि पनि जीवन निरर्थक भइरहेको हुन्छ। हाम्रा सम्पूर्ण प्रयासहरू विफल नै हुन्छन्। त्यसकारण जबसम्म जीवन छ त्यसलाई जसरीतसरी भोग्नुपर्दछ, विशेष अर्थ दिने र बढी महत्त्व दिने प्रयास गर्नु हुँदैन। जीवन व्यक्तिको चाहना र आवश्यकताअनुसार भोग्दै जाने कुरालाई नै विनिर्माणवादले मूल केन्द्रमा राखेर विषयको पुनःसृजन गर्दछ। उत्तरआधुनिकतावादले आधुनिकाको व्यतिरेक निमार्ण गर्छ। यसले पाठलाई विनिर्माण गर्छ वा भत्काउँछ। विधाभञ्जन, विधामिश्रण वा विधान्तरण विनिर्माणवादकै प्रक्रिया हुन् (गौतम, २०६६, पृ. २४)। नाटककार देवानको प्रस्तुत नाटकमा विधालाई भत्काएर विनिर्माणको स्वरूप प्रदान गरिएको छ। नाटककार गोपाल देवानको 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' एकाङ्की नाटकका यही विनिर्माणवादी सैद्धान्तिक पद्धतिका आधारमा पात्रहरूले परम्पराभिन्नै यस्तै अवस्था भोगेका हुनाले यिनै सैद्धान्तिक अवधारणाका आधारमा प्रस्तुत एकाङ्कीको विश्लेषण गरिएको हो।

## विमर्श र नतिजा

'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' *रामायण*को पौराणिक सन्दर्भको कथावस्तु पात्र र उद्देश्यलाई पुनर्निर्माण गरिएको समसामयिक प्रयोगवादी एकाङ्की नाटक हो। पौराणिक सभ्यताले

बेवास्ता गरेका कथानक र पात्रका माध्यमबाट पौराणिक सभ्यतामा व्यक्त नभएका, लुकाइएका, जबर्जस्ती दबाइएका सत्यको उद्‌घाटन नाटककार देवानले प्रस्तुत एकाङ्की नाटकमा गरेका छन् ।

**मूल कथावस्तुमा विनिर्माण**

पौराणिक सन्दर्भको रामायण महाकाव्यमा सीता अपहरणको मूल रहस्य, युद्धको मूल कारण र लङ्का ध्वस्त भएको जुन सन्दर्भ परम्परादेखि पढिँदै र सुनिँदै आएको छ त्यस यथार्थमा सत्यता रहेनछ, सत्य त गर्भमा नै लुकेको रहेछ, लुकाइएको रहेछ, सत्यलाई जबर्जस्ती लुकाएर बाहिर अफवाह फैलाइएको रहेछ, यथार्थमा जे छ त्यो वास्तविक यथार्थ होइन रहेछ, जे होइन, त्यसलाई जबर्जस्ती हो बनाएर प्रस्तुत गरिएको रहेछ भन्दै पौराणिक रामायणका केही कथा सन्दर्भहरूलाई यस एकाङ्कीमा विनिर्माण गरिएको छ । विनिर्माणका माध्यमबाट नयाँ सत्यको उद्‌घाटन गरिएको छ । रामलाई मर्यादा पुरुषोत्तम आदर्श व्यक्तिका रूपमा हेर्नका लागि समाजका आँखामा लगाइएको पट्टी उतारेर वास्तविक यथार्थको बोध पाठकलाई गराइएको छ । नयाँ सत्यका बारेमा सोच्न, रावणका पक्षमा गम्भीर हुन, सुपर्णखाका पक्षमा बोल्न पाठकलाई उत्प्रेरित गरिएको छ । तसर्थ प्रस्तुत एकाङ्की मूल कथानकमा विनिर्माण गरी नयाँ सत्यको उद्घाटन गरिएको ज्वलन्त उदाहरणका रूपमा यो एकाङ्की नाटक प्रस्तुत भएको छ। प्रस्तुत एकाङ्की नाटकमा कथावस्तुको निमार्णका लागि स्वैरकल्पनाको प्रयोग गरिएको छ । स्वैरकल्पना र विनिर्माण दुवै उत्तरआधुनिक चिन्तन भएकाले यी दुवै चिन्तनको संयोजन यस एकाङ्की नाटकमा अत्यन्त कुशलतापूर्वक गरिएको छ ।

रामायणमा रावणले सीताको अपहरण गरी अपराध गरेको थियो । त्यो कसरी उच्च कुलको महान् वैज्ञानिक हुन सक्छ भन्ने रामको जिज्ञासामा सुलक्षणाले रामायणको युद्धको मूल कारण सीताको अपहरणको सन्दर्भ नभएर आफू भएको सत्यको उद्‌घाटन गरेकी छे । रावणले सीताको अपहरण गर्नु पारिवारिक प्रतिशोधको कारण थियो । रावण कुलकी नारीको बेइज्जतको बदलाको भावना थियो । त्यो उच्च रावण कुलकी नारी म नै हूँ । मैले तिमीलाई मनपराउनु  के अपराध थियो र ? मेरो प्रेम प्रस्तावलाई तिमी अस्वीकार गर्न सक्थ्यौ तर किन मेरो नाक काटियो ? किन एउटी विश्व सुन्दरी युवतीलाई कुरूप बनाइयो ? यही बदलाको भावनाले सीताको अपहरण भएको थियो । आफ्नी बहिनीमाथि भएको दुर्व्यवहारको बदला लिनका लागि रावणले सीताको अपहरण गरेको थियो । त्यही भएर त्यत्रो नरसंहार भयो । त्यो सबै तिम्रो रिसाहा भाइ लक्ष्मणको रिसको आवेगको प्रतिफल हो भन्ने कुरा पौराणिक सभ्यतामा देखाइएन । त्यही नदेखाइएको सत्यको उद्‌घाटनका लागि नाटककार देवानले यस नाटकमा पौराणिक सन्दर्भको विनिर्माण गरेका छन् । पौराणिक सभ्यतामा एउटी नारीमाथि कसरी क्रूर व्यवहार गरिएको थियो भन्ने कुरालाई नाटकमा यसरी प्रस्तुत गरिएको छः

उसबेला मैले तिमीलाई असीमित मन पराएर तिमीसमक्ष प्रणय निवेदन गरेकी थिएँ, तिम्रो रौद्र भाइले त्यति सानो निहुँमै मेरो नाक काट्‌ने क्रूर कार्य गऱ्यो । तिम्रो लोककल्याणकारी भनिएको रामराज्यमा के अभिव्यक्ति स्वतन्त्रतासमेत थिएन ? मैले तिमीलाई प्रणय निवेदन मात्र त गरेकी थिएँ नि ? के कसैलाई मन पराउँछु भन्नु महाअपराध थियो तिम्रो कथित रामराज्यमा ? तिमीलाई प्रणय निवेदन गरेको कुरालाई महाअपराध मानेर किन मेरो नाक काटियो ? के यो न्यायप्रद हो राम  ? ( पृ. १७५)

युवावस्थामा एउटी सुन्दर युवतीले एक सुन्दर युवकलाई मन पराएर प्रणय निवेदन गर्नु सामान्य कुरा हो। आफूले केवल प्रेमप्रणय, निवेदन गर्दैमा मेरै नाकै काट्नुपर्ने कस्तो तिम्रो लोककल्याणकारी रामराज्य हो ? रामराज्यमा ममाथि भएको यही अन्यायको प्रतिशोधका लागि रावणले सीताको अपहरण गरेको थियो तर रावण अपराधी र अत्याचारी थिएन। यदि त्यस्तो भएको भए सीता बगैंचामा पहरेदारहरूका बिच सुरक्षित रहने थिइनन्। उनी रावणको शयनकक्षमा हुन्थिन् तर त्यसो भएन। किनकि रावण राक्षस थिएन भनेर रामायणको युद्धको मूल कारणलाई यस एकाङ्कीले खोतल्ने काम गरेको छ। समाजमा सदियौंदेखि रामायणको युद्ध हुनुको जे थियो त्यसलाई लुकाएर हुँदै नभएको कारणलाई कारण बनाएर प्रचारप्रसार गरिएको छ। यही लुकेको सत्यलाई, लुकाइएको वास्तविकतालाई, बङ्ग्याइएको कथालाई, उज्यालो रूपमा कालो पोतिएको अवस्थालाई उदाङ्गो पार्नका लागि कथालाई विनिर्माण गरिएको छ। यस नाटकको कथालाई विनिर्माण गर्ने क्रममा स्वैरकल्पनाको सहारा लिइएको छ। पौराणिक युगदेखि वर्तमान कलियुगसम्म पनि रामको प्रेम प्राप्त गर्न सुपर्णखाले गरेको प्रतीक्षा र उसले कलियुगको कलुषित रामलाई भेटेर पौराणिक सभ्यताको रामसम्म पुऱ्याएको सन्दर्भ निकै प्रभावकारी, स्वैरकाल्पनिक भएर पनि स्वाभाविक र कलात्मक बन्न पुगेको छ।

स्वैरकाल्पनिक रूपमा प्रकट भएकी सुलक्षणाका माध्यमबाट नाटकमा वर्तमानको कलुषित राम पनि जीवनको गलत मार्ग परित्याग गरी असल मार्गमा लाग्न उत्प्रेरित भएको छ। उसको सीतासँगको कलह उसले आफैँ समाप्त गरी आफ्नो गल्तीप्रति पश्चात्ताप गर्दै सीतासँग बिछोड नहुने स्थिति बनाउन राम स्वयम् तत्पर भएको छ। पौराणिक युगमा पनि रामले सीताको कुरा नसुन्दा उनीसँग सम्बन्ध बिच्छेद भएको थियो। अब पनि त्यस्तो नहोस् भन्दै सुलक्षणाले पारिवारिक पुनर्मिलनका लागि गरेको प्रयत्नले एकाङ्कीको अन्त्य सुखद हुने देखिन्छ। रामसँग आफ्नो मिलन हुन नसक्ने भए पनि सत्ययुगमा झैँ राम र सीता अलग हुनु नपरोस् भन्दै सुलक्षणाले रामसँग मागेको वचनबद्धता एकाङ्कीमा यसरी प्रस्तुत भएको छः

> तिमीले सीतालाई जसरी भए पनि फर्काउनुपर्छ। त्यसका लागि आफ्नो गल्ती स्वीकार गर र सीतालाई फकाऊ, मनाऊ। किनकि हरेक युगमा राम र सीता साथमा हुनुपर्छ। आपसी सम्मान र समानताको भावनामा बाँध्नुपर्छ। विगतमा जस्तो तिमीले यसपटक पनि पुरुषत्व प्रदर्शन गरेर सीतामाथि उत्पीडन गर्दै अग्नि परीक्षा लिने जस्तो तुच्छ काम नगर। खासमा सीता आफ्नो आमारूपी धर्तीमा समाहित हुनु भनेको तिमीसँग डिबोस गरेर माइत जानु नै हो। जुन आजसम्म भ्रमात्मक रहेको छ। (पृ. १८१)

विगतमा भएको गल्तीले वैभवशाली लङ्का ध्वस्त भयो। पुरुषवादी अहङ्कारले राम र सीताको बिछोड भयो। अब त्यस्तो नहोस्। कसैलाई पनि अपहेलित र अपमानित नगरियोस् भन्दै स्वैरकाल्पनिक पात्रका माध्यमबाट सामाजिक सद्भाव र सहकार्यको भावनालाई प्रस्तुत एकाङ्कीमा विशेष जोड दिइएको छ।

पौराणिक सभ्यतामा देवत्वकरण गरिएका राम, लक्ष्मण, सीता, कृष्णजस्ता पात्रलाई वर्तमान कलियुगको जटिल परिवेशमा उतारेर उनीहरूको वास्तविक जीवनगत यथार्थलाई प्रस्तुत गर्नका लागि यस एकाङ्की नाटकका पात्रहरूलाई विनिर्माण गरी उतारिएको छ। पौराणिक सभ्यतामा एकपक्षीय लेखकले गलाइदिएका जादुमयी अलङ्कारका गहनाहरू उतारेपछि वास्तविक राम, सीता,

लक्ष्मण, हनुमान कुन रूपमा अवतरित हुन्छन् भन्ने कुरा यस एकाङ्की नाटकमा देखाइएको छ। मर्यादा पुरुषोत्तम राम काम नपाएर बेरोजगार भई घरगृहस्थी चलाउन नसकेर रक्सी भट्टीमा रातदिन रमाउन थालेको छ। पौराणिक सभ्यताको चौधै भुवनको मालिक ईश्वरीय स्वरूपको राम आज एउटा बेकम्मा साबित भएको छ। जसले गृहस्थी समाल्न नसकेर उसकी पत्नी सीता खुसीले रेवतसँग डेटिङ्मा गएकी छे।

पौराणिक सभ्यताकी आदर्श नारी सीता वर्तमानमा मिनिस्कट लगाएर रातको बाह्र/एक बजे रेवतसँग अँगालो मार्दै चलचित्र हेरेर अब डान्सबारतिर लागेकी छे। रेवतसँग पैसा छ तर रामसँग दरिद्रता मात्र छ। वर्तमानमा सीताहरू पतिपरायण होइन सम्पत्तिपरायण भएका छन्। नारीले पतिपरायण हुने युगको अन्त्य भयो भन्दै सीताहरूका वास्तविक स्वरूपको उद्घाटन यस एकाङ्की नाटकमा गरिएको छ। सर्वशक्तिमान हजारौं गोपिनीहरूको प्रिय कृष्ण आज होटलमा खाएको खाजाको पैसा तिर्न नसक्ने निरीह भएको छ। होटलमा खाएको खाजा र रक्सीको पैसा तिर्न नसकेर रातको बाह्र बजेसम्म होटलवाल्नीले उसलाई छाडेकी छैन। यसरी पौराणिक युगका सर्वशक्तिमान् पात्रहरूलाई वर्तमानमा झारिदिने हो भने उनीहरूको अवस्था कस्तो दयनीय हुन्छ भन्ने कुरा यी पात्रहरूको विनिर्माणका माध्यमबाट नाटककार देवानले प्रस्तुत गरेका छन्।

वर्तमान समयका राम, कृष्ण, सीता, रेवत, हनुमानजस्ता पात्रहरू यथार्थमा पौराणिक युगकै पात्रका रूपान्तरित स्वरूप हुन्। तिनै पौराणिक पात्रहरू युगान्तरण भई आजका विरूप पात्रका रूपमा उपस्थित भएका हुन् भन्ने तथ्यको उद्घाटनका लागि सुलक्षणाको स्वैरकाल्पनिक अवतरण र प्रस्तुति अत्यन्त सान्दर्भिक र अर्थपूर्ण बनेको छ। मध्यरातमा रक्सीले मातेर लडेको एक्लो रामसँग प्रत्यक्ष भेटेर संवाद गर्न आइपुगेकी सुलक्षणा नै पौराणिक युगकी सुपर्णखा भएको तथ्य उसले स्वयम् उद्घाटन गरेकी छे। जसले वर्तमान रामलाई सत्ययुगको राममै आरोपित गरी पौराणिक युगका लेखकहरूले लुकाएको सत्यलाई छर्लङ्ग देखाइदिएकी छे। रातको बाह्रएक बजे रामको सुलक्षणासँग संवाद हुनु तर त्यहाँ आएका अन्य कोही व्यक्तिले पनि सुलक्षणालाई नदेख्नु र उसले बोलेको कुरा सुन्न नसक्नुले यस एकाङ्की नाटकको प्रस्तुति पूर्ण स्वैरकाल्पनिक बन्न पुगेको छ।

पौराणिक सभ्यतामा सुपर्णखा भनेर तिरस्कृत गरिएकी नारी मै हूँ तिमीले मलाई चिनेनौँ ? सदियौंदेखि तिम्रो प्रतीक्षा गर्दै छायासरि म तिम्रो तिम्रो नजिक नित्य आइरहेकी छु भनेर सुलक्षणाले पौराणिक युगदेखि कलियुगसम्म नित्य रामको प्राप्तिका लागि गरेको प्रतीक्षाको प्रसङ्गमा स्वैरकल्पना रहेको छ। स्वैरकल्पनाले विगत र आगतलाई जोड्छ। कालको सीमालाई नाघ्छ। यहाँ पनि सुलक्षणा र रामको संवादका क्रममा कालको सीमा छैन। युगको सीमा छैन। दुई अलग अलग युगका पात्रहरू अर्को युगमा आफ्नो विगत युगको कथा प्रस्तुत गरिरहेकाले यो पूर्ण स्वैरकाल्पनिक नाटक बन्न पुगेको छ। बिस्तारै सुलक्षणाले रामलाई पौराणिक युगको सन्दर्भ स्मरण गराएपछि रामले पनि आफू पौराणिक युगको राम भएको महसुस गरेको छ। ऊ पनि अब पौराणिक युगकै फर्किएर सुलक्षणासँगका विगतलाई स्मरण गर्न थालेको छ। यसरी स्वैरकल्पनाका माध्यमबाट पात्रहरूलाई विनिर्माण गरी प्रस्तुत गरिएकाले यो पूर्ण विनिर्माणवादी एकाङ्की बन्न पुगेको छ।

प्रस्तुत एकाङ्की नाटकका पात्रहरूको चरित्रलाई विनिर्माण गरी उनीहरूको प्राचीन सोचाइमा पूर्ण परिवर्तन गरिएको छ। प्रस्तुत एकाङ्की नाटकमा मन्त्रीको पिए हेमन्त अत्यन्त बफादार नोकरका रूपमा देखापरेको छ। हेमन्त रामायणको हनुमानको विचारगत रूपमा परिवर्तित विनिर्माणवादी

चरित्र हो । हेमन्त पौराणिक सभ्यताको रामभक्त हनुमान हो भन्ने कुरा उसको पहिरनबाट नै पुष्टि भएको छ । रामभक्त हनुमान रामको सेवा गर्दागर्दा कुनै आर्थिक लाभ प्राप्त गर्न नसकी विरक्त बनेर मन्त्रीको सेवक बनेको छ । रामको सेवा गरेवापत केही लाभ नभएपछि उसले पार्टी परिवर्तन गरी लाभकारी मन्त्रीको पिए बनेको र मन्त्रीको पिए बनेपछि भ्रष्टाचारबाट प्राप्त सम्पत्तिले आफू र मन्त्रीसमेत मोटाएका सन्दर्भका माध्यमबाट राजनीतिक व्यक्तिहरूको भ्रष्ट चरित्रमाथि तीखो व्यङ्ग्य प्रहार गरिएको छ । रातको बाह्रएक बजे सडकको बिचमा लडेको मत्तु रामले भेषभूषाका आधारमा हनुमानलाई चिन्नु तर मन्त्री र गार्डहरूले हेमन्तकै सामान्य भेषभूषामा नदेख्नु, हेमन्तले पौराणिक युगका भेषभूषा फुकालेर फाल्दा रामबाहेक कसैले नदेख्नुमा स्वैरकल्पनाको प्रयोग भएको पाइन्छ । यसरी पौराणिक पात्रको विचारमा परिवर्तन गरी विनिर्माणका लागि स्वैरकल्पनात्मक शैलीको प्रयोग गरिएको छ । पात्रहरूको विचारमा गरिएको परिवर्तनका कारण कुनै पनि पात्रहरूको सोचाइ र क्रियाकलाप परम्परित छैनन् । सबै पात्रहरूको सोचाइ युगानुकूल भएको छ । यसरी पौराणिक पात्रहरूको विचारलाई विनिर्माण गरी वर्तमान कलियुगमा रूपान्तरित गरिएको छ भने पौराणिक युगका पात्रहरू सुपर्णखा राम र हनुमानको संवाद भेषभूषा र रूप पौराणिक पात्रबाहेक अन्य वर्तमान युगका सामान्य पात्रहरूले नदेख्नुमा स्वैरकल्पनाको प्रयोग भएको पाइन्छ ।

**कथ्य अर्थमा विनिर्माण**

पौराणिक सभ्यतामा रामको पक्षमा मात्र लेखकहरू एकलकाँटे भएर लागेकाले सत्यतथ्य प्रकट हुन नसकेकाले रामायणको कथ्य अर्थमा विनिर्माण गरिएको छ । रामका अन्धभक्त भएर लेखकहरूले रावणलाई राक्षसका रूपमा व्याख्या गरी एउटा सभ्यतामाथि नै उपहास गरिएको थियो । त्यही सर्वशक्तिमान विशिष्ट विद्वान् रावणकी बहिनी सुलक्षणालाई उपहास गरेबापत रामायणको भीषण युद्ध भएको सन्दर्भलाई उजागर गरिएको छ । तत्कालीन समयकी विश्वसुन्दरी सुलक्षणालाई रामका अन्धभक्त लेखकहरूले अत्यन्त कुरूप नारी पात्रका रूपमा चित्रण गरिदिएकाले आजसम्म पनि संसारकै कुरूप नारीहरूकी प्रतीक बनेर इतिहासमा कलङ्कित बनी अभिशप्त जीवन बाँच्न सुलक्षणा बाध्य बाध्य भएकी छे भन्दै सुलक्षणाजस्ता पौराणिक सभ्यताका पात्रहरूलाई लेखकहरूले कलङ्कित बनाइदिँदा सबै पात्रहरूप्रति समान दृष्टिकोण नराख्ता केही पात्रहरू कसरी युगौंयुगसम्म कलङ्कित पात्रका रूपमा स्थापित हुन विवश हुन्छन् भन्ने कुरा प्रस्तुत एकाङ्कीमा अत्यन्त कलात्मक रूपमा देखाइएको छ । पौराणिक कथाले प्रस्तुत गरेका पात्रहरू त्यस रूपमा थिएनन् भन्ने कुरा एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छः

> रावण राक्षस थिएन, उनी वैज्ञानिक थिए त्यस युगका । तिम्रो दरबारका चाटुकार र भाट लेखकहरूले उडन्ते कहानीहरू रचेर स्वैरकल्पनाको वायुपङ्खी घोडा चढेर उसलाई भयङ्कर राक्षस बनाउने काम गरेका थिए । तिनीहरूले यथार्थलाई छोप्ने र असत्यको खेती गर्ने काम गरेका थिए आफ्ना ग्रन्थ रचनाहरूमा । रावणको कुरा छोड राम ! म सुलक्षणा अर्थात् सुपर्णखालाई समेत डरलाग्दो राक्षसनीका रूपमा चित्रित गरेर प्रस्तुत गऱ्यो जबकि म त्यस युगकी विश्व सुन्दरी थिएँ । तिम्रा भाट दरबारिया लेखकहरूले मलाई दाह्रा, नङ्ग्रा, भ्याङ्टा, कलौटीपनहरू जडिदिएर यति कुरूपता दिए कि आजसम्म म कुरूपताको विश्वप्रतीक बन्न पुगेकी छु । मेरो नाम अद्यापि विश्वको सबैभन्दा कुरूप र निर्दयी स्त्रीको उपमामा प्रयोग गरिन्छ । (पृ.१७२/१७४)

रावण तत्कालीन समयको अत्यन्त शक्तिशाली वैज्ञानिक थियो तर रामभक्त अन्धविश्वासी अन्धभक्त धर्मभीरु एकलकाँटे लेखकहरूले रावणलाई क्रूरता, अहङ्कारी र कुरूपताको विशेषण भिराएर राक्षसका रूपमा र आफूलाई राक्षसनीका रूपमा स्थापित गरिदिएकाले सुरक्षणाले युगौंयुगसम्म कुरूपताको प्रतिबिम्बका रूपमा र रावणले खल पात्रका रूपमा स्थापित हुनुपरेको यथार्थलाई पौराणिक सन्दर्भमा दबाइएको छोपिएको थियो । यो सत्यलाई बाहिर आउन दिइएको थिएन । यही सत्यको उद्घाटनका लागि कथावस्तुको विनिर्माण गरिएको छ । विनिर्माण गरी प्रस्तुत गरिएको यस किसिमको सत्यको उद्घाटनले पौराणिक कृतिहरूमाथि पुनः अध्ययन, विश्लेषण र अन्वेषणको खाँचो देखाइएको छ । पौराणिक युगमा यसरी पछि पारिएका, छाडिएका, हेपिएका र तिरस्कारको सिकार बनाइएका पात्रहरूको चरित्र वास्तवमा त्यही रूपको थियो त भन्ने प्रश्न बारम्बार उठाउनुपर्ने र आख्यानहरूको पुनर्पठन गरी सही रूपमा व्याख्याविश्लेषण गर्नुपर्ने विचारलाई कथ्य अर्थमा विनिर्माणवाद गरी संवेदनशील रुपमा प्रस्तुत गरिएको छ ।

रावणले विज्ञानको मार्ग अवलम्बन गरी आफ्नो देशलाई सम्पन्न र वैभवशाली पारेकामा विज्ञानविरोधी धर्मभीरुहरूले त्यसको विरोध गर्दै विज्ञानमाथि आक्रमण गरी वैज्ञानिक उन्नतिलाई ध्वस्त बनाउनका लागि रावणलाई राक्षस बनाए र उनको वैज्ञानिक सुन्दर लङ्का ध्वस्त पारेको सन्दर्भलाई कथ्य अर्थमा विनिर्माण गरी प्रस्तुत गरिएको छ । यो विज्ञान विरोधी चेतनाबाट प्रभावित आस्तिक भनाउँदा परम्परावादी धर्मभीरुहरूको गलत सोचकै कारण रावणको सुन्दर संसार ध्वस्त भएको सन्दर्भलाई एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ :

> मेरा दाजु रावण उच्च कुलकै थिए । उसबेला दाजुले धर्मलाई होइन विज्ञानलाई मान्यता दिएको हुँदा राक्षसमा दरिनुपर्‍यो । उसबेलै उसले पुष्पविमान उड्ने रथ आजका मिसाइलभन्दा प्रज्वलनशील आग्नेयास्त्र अझ मृत्युञ्जय अमृतसमेत आविष्कार गरिसकेको कुरा बिर्स्यौ तिमीले ? तर उसको विद्वत्ता र विज्ञानप्रियतालाई धर्मभीरुहरूले मान्यता दिनुको साटो साक्षस घोषित गरिदिए । उच्च कुलका रावण कसरी राक्षस हुन सक्छ तिमी आफैँ सोच त राम ? (पृ. १७४)

एउटा उच्च कुलमा जन्मिएको विद्वान् वैज्ञानिक जसले धर्मलाई चुनौति दिँदै पुष्पक विमान बनायो । आजका मिसाइलभन्दा शक्तिशाली शस्त्रअस्त्रको निर्माण गर्‍यो, मृत्युलाई समेत जित्न सक्ने अमृत बनायो त्यस्तो व्यक्ति कसरी राक्षस हुन सक्छ ? रावणको उन्नति देखिनसक्ने धर्मभीरुहरूले षड्यन्त्रपूर्वक रामायणको रचना गरी मेरा विद्वान् रावण दाजुलाई संसारकै घमन्डी कुरूप, अहङ्कारी, अत्याचारी, राक्षस बनाए तर रावण त्यस्तो थिएन । यदि त्यस्तो अपराधी, अत्याचारी भएको भए किन सीतालाई आफ्नो बगैंचामा सुरक्षित राख्यो । उसमाथि किन अभद्र व्यवहार गर्दैनथ्यो भन्ने कुरा पौराणिक सभ्यताबाटै लोप गरिएको छ । यही लोप गराइएको अथ्य अर्थको उजागरका लागि विचारमा विनिर्माण गरिएको छ । रावणका महान् कार्यहरूलाई रामायणले जानीजानी लुकाएको छ छोपेको छ उसका सबै गुणहरू लुकाएर उसमा दुर्गुण मात्र भरेको छ भन्दै रावणको पक्षबाट रामायण नलेखिएकाले उसका पक्षमा पनि आवाज उठाउनुपर्छ, रावणमाथि घोर अपराध गर्ने राम, लक्ष्मण र हनुमानहरू दण्डका भागिदार छन् भन्दै विचार वा कथ्य अर्थलाई विनिर्माण गरिएको छ । कथावस्तुमा रहेको विचारको यस किसिमको विनिर्माणले परम्परावादीहरू झस्कन सक्छन् तर प्रगतिशील परिवर्तनकारीहरूले यस कोणबाट पनि हेर्न सक्नुपर्छ । कतै त्यही अवस्था वर्तमान

समयमा समाजमा कहीँ भइरहेको छ छैन भन्ने गम्भीर प्रश्न यस नाटकले प्रस्तुत गरेको छ र पौराणिक सभ्यताका गाथाहरूलाई पुनः नयाँ दृष्टिकोणका साथमा पर्गेल्नका लागि सचेत वर्गलाई आह्वान पनि गरेको छ ।

नाटककार गोपाल देवानको फेरि अर्को लङ्का ध्वस्त हुने छैन एकाङ्की नाटकमा विनिर्माणवाद र स्वैरकल्पनाका माध्यमबाट नारीवादी चिन्तनलाई पनि सशक्त रूपमा प्रस्तुत गरिएको छ। पौराणिक सभ्यतामा सधैँ निरीह देखिएकी सीता प्रस्तुत एकाङ्कीमा एक साहसी र आधुनिक नारीका रूपमा उपस्थित भएकी छे। रक्सीले मात्तिएर सडकको बिचमा लडिरहेको आफ्नो लोग्ने रामसँग सीताको संवादका क्रममा सीताले प्रस्तुत गरेका अभिव्यक्तिहरूमा नारीवादी चेतना सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ। अब नारीहरू पौराणिक सभ्यतामा जस्तो निरीह बनेर बस्न नसक्ने र उनीहरूमा चेतना पलाइसकेको नारीहरू पनि अब स्वतन्त्र भएर बाँच्न पाउनुपर्ने र बाँच्न सक्ने धारणा प्रस्तुत एकाङ्कीमा सीताले यसरी प्रस्तुत गरेकी छे :

> पुरुषले साउनीसँग आँखा झिम्क्याउँदै घरबार बिर्सेर पसलमा भ्याम्पुतलीहरूसित अँगालिँदै चुम्बन साट्दै रातभरि रसरङ्गमा डुल्दै हिँड्दा हुने ? तर पत्नी अर्थात् नारीले पतिभक्ति देखाएर घरको साँघुरो पर्खालभित्र डाडुपन्यु सम्हाल्दै डेक्ची डाइभर भइरहनुपर्ने ? नारीहरूले केवल पुरुषको यौनको पुत्ला र आज्ञाकारी गुडिया बनिरहनुपर्ने ? बस यति नै हो नारीको भाग्य है ? सरी ल ? म चैं त्यसो गर्न सक्दिनँ किनकि म त्रेता युगकी सीता होइन। जसले पटकपटक रामलाई, त्यो सामन्ती समाजलाई अग्निपरीक्षासहित थुप्रै परीक्षाहरू दिनुपरेको थियो। (पृ .१५५/१५६)

यसरी प्रस्तुत एकाङ्कीमा नारीहरू अब पौराणिक सभ्यतामा झैँ दाससरह बाँच्न नसक्ने बरु सबै नारीहरूमा पनि स्वतन्त्रता र जागरणको लहर आइसकेको विचारलाई सीताका माध्यमबाट प्रस्तुत गरिएको छ। समयसापेक्ष रूपमा अब सबैले अघि बढ्न सक्नुपर्ने कोही पनि ठुलो वा सानो नहुने बसैलाई बन्धन र कसैलाई मुक्तिको स्वतन्त्रता हुनुनहुने धारणा यस एकाङ्की नाटकमा प्रस्तुत गरिएको छ। यो युग नारी र पुरुष कसैले पनि कसैलाई आफ्नो अधीनमा राख्ने युग नभएर समान सम्मान र समान स्वतन्त्रताको युग भएकाले नारी र पुरुष समान हुन् भनी नारीवादी चेतनालाई बुलन्द रूपमा प्रस्तुत गरिएको छ। तिमीलाई सीताले छाडेर ठिक गरी। सधैँ घरमा उत्पीडन र अपहेलना सहेर असह्य वेदनाका साथ को बस्न सक्छ र सबैले विकल्प खोज्छन्। तिमीले आफ्नो कर्तव्य भुलेकाले सीताले रेवतसँग सम्बन्ध राख्नु कुनै गलत होइन। यो सबै तिम्रो गैरजिम्मेवारपनबाट सिर्जना भएको परिस्थिति हो भनेर सुलक्षणाले नारी हक, अधिकार र स्वतन्त्रताका पक्षमा आवाज मात्र उठाएकी छैन रामलाई आफ्नो गल्तीको पनि महसुस गराएकीले प्रस्तुत नाटक नारीवादी चेतनाको सशक्त प्रस्तुति पनि हो भन्ने कुरा पुष्टि हुन्छ। पराधीनतामा कोही पनि बाँच्न चाहँदैनन्। जब अत्याचारले सीमा नाघ्छ तब नारीहरू विद्रोह गरेर घरबार त्याग्न पनि सक्छन् भन्ने नारीवादी दृष्टिकोणलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ। रामले सत्ययुगमा पुरुषको मात्र कुरा सुनेर सीतामाथि अन्याय गरेको सन्दर्भलाई एकाङ्की नाटकमा यसरी प्रस्तुत गरिएको छ :

> सीता अर्थात् नारीहरूले त्रेता युगदेखि अहिलेसम्म जे जेजस्ता यातना भोगिआएका छन् त्यो पुरुषहरूको दम्भ र कथित पुरुषार्थरूपी उत्पीडनहरूको इतिहास हो, पराधीनताको

दस्तावेज हो भन्ने मेरो धारणा छ । तिमीले किन धोबीको मात्र कुरा सुन्यौ ? धोबिनीको कुरा किन सुनेनौ ? सबैको विचारलाई मान्यता दिइन्थ्यो भने त्यो धोबीको कुराबारे सच्चाइ पत्ता लगाउन सार्वजनिक छानविन किन गरेनौ ? (पृ. १७१)

त्रेतायुगदेखि नै नारीहरू पराधीनतामा बाँच्न विवश छन् । आज पनि त्यही पराधीनता पुरुषवादले चाहन्छ भने त्यो कदापि क्षम्य हुँदैन । पुरुष वर्गको दम्भ, अहङ्कार र परपीडक प्रवृत्तिकै कारण हरेक युगमा हरेक घरघरका राम र सीताहरूको सम्बन्ध सुमधुर बन्न सकेको छैन । राम र सीताहरू छुट्टिएर बस्नुपरेको छ । एकपक्षीय दृष्टिकोण राख्नाले पौराणिक युगका नारीहरू युगौंयुगसम्म शोषित पीडित बन्नुपरेको थियो तर अबको युगमा त्यस्तो हुनुहुँदैन । यदि पुरानै मानसिकता हो भने नारीले प्रत्येक घरघरबाट विद्रोहको आवाज उठाउने छन् र समानताका लागि लड्नेछन् भन्ने सशक्त नारीवादी चिन्तन यस एकाङ्की नाटकमा प्रस्तुत भएको छ । रातरातभर नर्कमा डुबेर आउँदा पनि पुरुषहरू भने हरेक घरमा बिहान शालिग्रामझैँ पवित्र हुने तर सीताहरू निर्दोष र तर्तव्यनिष्ठ रहँदा रहँदै पनि अग्निपरीक्षामा भागिदार हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ अनि मात्र समानता र स्वतन्त्रताको सास फेर्न पाइन्छ भन्ने नारीवादी चिन्तनलाई विनर्माणवादी चेतनाका साथ यस एकाङ्की नाटकमा प्रस्तुत गरिएको छ ।

फेरि अर्को लङ्का ध्वस्त हुने छैन एकाङ्की नाटकमा क्षयीकृत सामाजिक विकृति र विसङ्गतिको चित्रणका लागि विनिर्माणवादको संयोजन गरिएको पाइन्छ । समाजका युवावर्गहरू जीवनलाई कर्मशील बनाउनुको साटो रातदिन भट्टी पसलहरूमा रूमल्लिँदै जीवन बरबाद गरिरहेका छन् । पारिवारिक जिम्मेवारीबाट पन्छिँदा राम र सीताजस्ता आदर्श पात्रहरू बिछोडिनुपर्ने अवस्थाको सिर्जना भएको छ । युवाहरू सङ्घर्ष गर्दा गर्दा जीवनबाटै विमुख हुन पुग्ने अवस्थाको सिर्जना भएको वर्तमान समयको वास्तविकतालाई प्रस्तुत गर्नका लागि एकाङ्कीमा आदर्श पात्रहरूको सोचाइलाई विनिर्माण गरी यसरी प्रस्तुत गरिएको छ : “जीवनका अन्तहीन असफलता अनि सपनाहरूको मृत्यु आफ्नै भनाउँदाहरूको शृङ्खलाबद्ध धोकाहरूको हमलाले म विध्वस्त भइसकेको छु” (पृ.१६९) ।

समाज स्वार्थले अन्धो भएको छ । आफन्तहरू पद, पैसा र ऐसआराममा डुबेका छन् । सामाजिक मर्यादालाई कसैले पनि ख्याल गरेका छैनन् । आफन्तहरू पैसाको पछि लागेर पराइ भएको कुरा रामलाई उसकी पत्नी सीता र भाइ लक्ष्मणले समेत छाडेर गएको सशन्दर्भबाट पुष्टि भएको छ । प्रस्तुत एकाङ्की नाटकमा मन्त्री र हेमन्तका माध्यमबाट राज्यको ढिकुटीमाथि भएको शोषणको चरम अवस्थालाई तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । चाकडीबाजहरू कसरी स्वार्थ लिप्सामा लागेर पार्टी फेर्दै मालिकको पैतालाको धुलो चाट्न पुग्छन् भन्ने कुरा हेमन्तले मन्त्रीलाई सडकको बेन्चमा बस्नका लागि चौतारो हातले पुछेको सन्दर्भबाट पुष्टि गरिएको छ । देशको आर्थिक अवस्थालाई कमजोर तुल्याउँदै कसरी भ्रष्टाचार गर्दै नेताहरू दिनप्रतिदिन किर्ना मोटाएझैँ मोटाउँदै गएका छन् भन्ने कुरालाई प्रस्तुत एकाङ्की नाटकमा यसरी प्रस्तुत गरिएको छ :

> मन्त्री महोदयज्यू ! सत्ताबाट पाइने कमिसन, नजराना अनि घुसहरू सबै सेटिङअनुसार फाइल मिलाउने बित्तिकै सजिलै पच्छ रे हजुर । तर, यसकै कारण यो शरीरमा लागेको बोसो चैं सजिलो पच्दैन रे ? अब यसलाई पचाउन बेलाबेलामा वाकिङ गर्नै पऱ्यो नि । त्यसैले गाडी टाढा राखेर आज हजुरलाई यसो नाइट वाकिङ गराउने आइडिया फुराएको नि मन्त्री महोदयज्यू ? (पृ.१६०)

देश सञ्चालन गर्ने मन्त्रीहरू नै सेटिङमा फाइलहरू मिलाउँदै कमिसन खाएर मोटाउँदै गएका छन् जसले गर्दा देशको अर्थतन्त्र टाट पल्टिसकेको छ । कहिल्यै माथि उठ्न नसक्ने गरी थला परिसकेको छ भन्दै यस किसिमका सामाजिक विकृतिविसङ्गतिप्रति तीव्र आक्रोश पोख्दै यस किसिमका क्रियाकलापप्रति नाटकमा आलोचनात्मक व्यङ्ग्य गरिएको छ । हनुमान जस्ता अन्धभक्त स्वार्थी कार्यकर्ताहरूले गर्दा नै देशका नेताहरू दिनप्रतिदिन कलुषित बन्दै गएका र उनीहरूले आफ्ना कमिकमजोरीहरू कहिल्यै नदेख्नुको कारण पनि हेमन्तका परिवर्तित हनुमान जस्ता स्वार्थी अन्धभक्तहरू नै हुन् भन्दै राजनीतिमा देखिएको अराजक स्वार्थी पदलोलुप पैसामुखी प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

**निष्कर्ष**

नाटककार गोपाल देवानको 'फेरि अर्को लङ्का ध्वस्त हुने छैन' *दमनको राप* नाटकसङ्ग्रहमा सङ्कलित अनेक गम्भीर विचार बोकेको एकाङ्की नाटक हो । प्रस्तुत एकाङ्की नाटकमा विनिर्माणवाद, स्वैरकल्पना, नारीवाद र सामाजिक विकृतिविसङ्गतिको कुशल संयोजन गरिएको छ । प्रस्तुत एकाङ्की नाटकमा पौराणिक सभ्यताले बेवास्ता गरेका कथानक र पात्रका माध्यमबाट नवीन सत्यको उद्घाटन गरिएको छ भने पौराणिक सभ्यताले ओझेलमा पारेका, लुकाएका, सुन्दर अनुहारमा कालो पोतेर कुरूप बनाएका पात्रहरूका पक्षमा वकालत गर्नका लागि कथावस्तुमा विनिर्माण गरिएको छ भने विनिर्मित पात्रहरूलाई पौराणिक सभ्यतासँग जोड्नका लागि स्वैरकल्पनाको प्रयोग गरिएको छ । सधैँ रामको पक्षमा मात्र वकालत गर्ने पौराणिक सभ्यताले रावणको पक्षमा निरन्तर नकारात्मक व्याख्या गरेर उसको भव्य चरित्रलाई कुरूप र दुष्ट चरित्रका रूपमा मात्र चित्रण गरिएकामा अब पौराणिक सभ्यताको कथालाई उल्टो पारेर हेर्नुपर्ने, रामका कमीकमजोरीहरूलाई पनि केलाउनुपर्ने, रामले गरेको अपराधका कारण सुपर्णखाले युगौंयुगसम्म कुरूप नारीको बिम्ब बन्नु परेकोमा त्यस्तो अवस्था सिर्जना गर्ने तत्कालीन अन्धभक्त हनुमानहरूप्रति स्वैरकल्पना र विकृतिका माध्यमबाट तीव्र आक्रोश पोखिएको छ ।

रामायणमा भएको युद्धको मूल कारण सीताको अपहरणको सन्दर्भ नभएर लक्ष्मणले सुपर्णखाको नाक काट्नु हो भन्ने सत्यलाई रामायणका अन्धभक्त लेखकहरूले कहिल्यै प्रकट हुन दिएनन् । रावण तत्कालीन अवस्थाको एक सशक्त वैज्ञानिक आविष्कारक थियो भन्ने कुरा रामायणले लुकाएर राखेको थियो । यो पौराणिक सभ्यतामा भएको सत्यलाई तत्कालीन धर्मभीरु लेखकहरूले छोपेको लुकाएर अज्ञानतामा नै राख्न खोजेको सत्यको उद्घाटन गर्नु र त्यसका लागि स्वैरकल्पनाको प्रयोग गर्नु यस एकाङ्की नाटकको उद्देश्य हो भने नारीवादी चेतनाका अभिव्यक्तिका माध्यमबाट सदियौंदेखि सामाजिक परम्परा र रूढिवादी चेतनाले दबाइएका नारीहरूले अब पनि मुक्तिको सास फेर्न नपाउने हो भने कहिल्यै स्वतन्त्रता र समानताको युग आउँदैन भन्दै नारीवादी चेतनालाई सशक्त रूपमा देखाइएको छ । त्यस्तै नेपालको राजनीतिमा देखिएको विकृति र विसङ्गतिलाई नाङ्गो रूपमा प्रस्तुत गर्दै यसै किसिमका विकृति र विसङ्गतिका कारणले देशको अर्थतन्त्र खोक्रो अवस्थामा पुगेको कुरालाई यस एकाङ्की नाटकमा प्रस्तुत गरिएको छ । यही पौराणिक सभ्यताको कथावस्तुलाई विनिर्माण गरी वास्तविक सत्यको उद्घाटन गर्नका लागि स्वैरकल्पनाको प्रयोग गर्दै नारीवादी चेतनाका साथ सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नु प्रस्तुत एकाङ्की नाटकको मूल उद्देश्य हो ।

**सन्दर्भ सामग्रीसूची**


एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* साझा प्रकाशन ।

गोपाल, देवान (२०७६). *दमनको राप नाटक* सङ्ग्रह. श्री नेत्रप्रसाद काफ्ले ।

गौतम, लक्ष्मणप्रसाद (२०६०). नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना. ओरिएन्टल पब्लिकेसन ।

न्यौपाने, सुभाषचन्द्र (२०६८). प्रजातन्त्रपछिको नेपाली नाट्यचिन्तन प्रमुख स्रष्टा र केन्द्रीय प्रवृत्तिहरू, भित्र प्रजातन्त्रदेखि लोकतन्त्रसम्म. वैकल्पिक विचार मञ्च ।

न्यौपाने, सुभाषचन्द्र (२०८०). अधुरो क्यान्भासमा राजनीतिक व्यङ्ग्य र विसङ्गति. *ज्ञानदीप* विज्ञसमीक्षित जर्नल. (पूर्णाङ्क ५ अङ्क १. पृ. १३०-१३८)

भट्टराई, रमेशप्रसाद (२०६०/६१). उत्तरआधुनिकतावाद र यसको स्वरूप. *कुञ्जिनी.* वर्ष १२, अङ्क ९. पृ. ४२-५१ ।

मिश्र, वीरेन्द्रप्रसाद (२०५५). व्यङ्ग्य. *नेपाली साहित्यकोश.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।